नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
आयोजना अनुगमन, सुविधा सिफारिस तथा
(..........विद्युत प्रणाली व्यवस्थापन महाशाखा..........)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- 2066/06८
चलनी नं.:- 3295

मिति: २०७८/०३/२२

विषय:- विद्युत रोयल्टी कट्टामा श्री नेपाल विद्युत प्राधिकरणलाई सहयोग गरिदिने बारे ।

श्री जलविद्युत आयोजनाका प्रवर्द्धकज्यूहरु (१ मे.वा. भन्दा बढी),

प्रस्तुत विषयमा विद्युत ऐन २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम विद्युत आयोजनाहरुको विद्युत उत्पादन अनुमतिपत्र विद्युत विकासबाट जारी भएको र विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले नेपाल विद्युत प्राधिकरणसँग गरेको विद्युत खरिद बिक्रीको सम्झौता यस विभागद्धारा जारी विद्युत उत्पादन अनुमतिपत्रको अभिन्न अङ्गको रुपमा रहेको विदितै छ । अनुमतिपत्रको शर्तको प्रभावकारी कार्यन्वयन र अनुगमन गर्ने जिम्मेवारी विद्युत ऐन, २०४९ ले विद्युत विकास विभागलाई प्रदान गरेकोले अनुमतिपत्रको शर्तहरु पालना गर्ने/गराउने जिम्मेवारी विद्युत विकास विभागको रहेको छ ।

विद्युत ऐन २०४९ दफा ११ को उपदफा १ र २ मा भएको व्यवस्था बमोजिम विद्युत आयोजनाहरुले जडित क्षमता र ऊर्जा बिकी वापतको रोयल्टी नेपाल सरकारलाई तोकिएको समय भित्र बुझाउनु पर्ने व्यवस्था रहेको तहाँ विद्धितै छ ।

रोयल्टी सम्बन्धमा श्री उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र अर्न्तगतको निकायको Senior Management Team (SMT) बाट मिति २०७७/०३/२३ मा नेपाल विद्युत प्राधिकरणले विद्युत उर्जा खरिद वापत हुने नियमित भुक्तानीबाट रोयल्टी कट्टा गर्ने निर्णय भए बमोजिम उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयको च.नं.१२८१ मिति २०७७/०३/२४ बाट सो निर्णय कार्यन्वयनको लागि नेपाल विद्युत प्राधिकरणलाई पत्राचार भइसकेको जानकारीको लागि अनुरोध छ । साथै Senior Management Team (SMT) बाट मिति २०७८/०२/२८ पुनः उक्त निर्णय कार्यन्वयन गर्न निर्णय भएको हुँदा सोही अनुसार नेपाल विद्युत प्राधिकरणले प्रवर्द्धकलाई विद्युत खरिद वापत हुने भुक्तानीबाट अनिवार्य रुपमा रोयल्टी कट्टा गरी राजश्व दाखिला गर्नुपर्ने भएको हुँदा रोयल्टी वापतको रकम कट्टामा कुनै बाधा अडचन नगरी रोयल्टी रोयल्टी कट्टा कार्यमा सहयोग गरी दिनहुन मिति २०७८/०३/२२ को विभागीय निर्णयानुसार अनुरोध छ ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(........................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- २०६६/०६८
चलनी नं.:- ३२१९

मिति: ................................

विषय:-

विद्युत विकास विभागले उर्जा क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागीतालाई उच्च मूल्यांकन गर्दै विभागले आफनो कार्यशैलीमा निजी क्षेत्रको प्रवर्द्धनको कार्यलाई उच्च प्राथमिकतामा राखेको व्यहोरा अवगत गराउँदै निजी क्षेत्रबाट नेपाल सरकारलाई प्राप्त हुने रोयल्टी नेपाल विद्युत प्राधिकरणबाट विद्युत खरिद वापत हुने भुक्तानीबाट रोयल्टी कट्टाको कार्यमा सहयोग हुने अपेक्षा गर्दछ।

रोयल्टी तिर्नु र तिराउने पर्ने सबै सरोकारवालाको जिम्मेवारी भएकोले आफ्नो जिम्मेवारी पूर्णरुपमा वहन गरिदिनुहुन समेत अनुरोध छ। साथै बक्यौता रोयल्टी रकम नेपाल सरकारको राजश्व भएकोले उक्त बक्यौता रोयल्टी रकम असुल उपर गर्ने नेपाल सरकारको सबै सरोकारवालाको जिम्मेवारी भएकोले यस विभागको अनुरोध बमोजिम सरकारी राजश्व अनिवार्य असुल गरिदिनुहुन अनुरोध छ।

.........................
(अरुण कुमार झा)
उप-महानिर्देशक

**बोधार्थ:**

श्रीमान् सचिवज्यू, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।

श्री कार्यकारी निर्देशकज्यू, ने.वि. प्रा. दरबारमार्ग, काठमाण्डौं : **SMT को निर्णय कार्यन्वयन गर्न/गराउन हुन।**

श्री वित्त निर्देशनालय, ने.वि.प्रा., दरबारमार्ग, काठमाण्डौं : **SMT को निर्णय कार्यन्वयन गर्न/गराउन हुन।**

श्री केन्द्रिय भुक्तानी महाशाखा, ने.वि.प्रा., दरबारमार्ग, काठमाण्डौं : **SMT को निर्णय बमोजिम प्रवर्द्धकलाई विद्युत खरिद बिकी वापतको रकम भुक्तानी गर्दा रोयल्टी वापतको रकम अनिवार्य रुपमा कट्टा गरी सरकारको राजश्व संकलनमा सहयोग गर्नुहुन।**

श्री स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN), काठमाण्डौं : **सबै प्रवर्द्धक कम्पनीहरुलाई यस सम्बन्धी जानकारी गराउनु हुन।**